म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १६७ शनिबार १४ माघ २०७९ ने. सं. ११४३ सिल्लाथ्व 28 January, 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## चौकिटोलको तरकारी बजारबाट दुई जना पक्राउ

हेटौंडा, १३ माघ/हेटौंडा उपमहानगरपालिका वडा नम्बर-१, स्थित चौकीटोलमा रहेको तरकारी बजारबाट प्रहरीले दुई जनालाई लागुऔषधसहित पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको टोलीले तरकारी बजारबाट पर्सा छिपरमाई गाँउपालिका-२ घर भई हेटौंडा-१ जरुवाटोल बस्ने १९ वर्षीय राजु शर्मा र मझरिया आदापुर पुर्ब चम्पारण बिहार बस्ने २१ वर्षीय समिमुल्लाह अंन्सारीलाई पक्राउ गरेको हो । सडकमा शंकास्पद रुपमा बसिरहेका उनीहरुको साथबाट लागुऔषध नाईट्राभेट २ सय ७२ ट्याबलेट फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

# बागमतीका दुई मुख्यमन्त्री र मन्त्रीहरुको सम्पति विवरण गुपचुपमै


नवीन तिमल्सिना

हेटौंडा, १३ माघ/ बागमती प्रदेशका निवर्तमान र वर्तमान मुख्यमन्त्रीदेखि मन्त्रीहरुले आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने नैतिक दायित्वबाट पन्छिएका छन् ।

प्रदेशसभाको पहिलो कार्यकालको अन्तिम सरकारको नेतृत्व गरेको नेकपा (एकीकृत समाजवादी)का केन्द्रीय उपाध्यक्ष राजेन्द्र पाण्डे नेतृत्वको सरकारले सम्पति विवरण सार्वजनिक नगरी विदा भएका हुन् । उनी मात्र हैन, अघिल्लो सरकारका आर्थिक मामिला तथा योजना मन्त्री रहेका वर्तमान मुख्यमन्त्री शालिकराम जम्कट्टेलको सम्पत्ति विवरणसमेत सार्वजनिक भएको छैन् ।

अघिल्लो सरकारका मुख्यमन्त्रीदेखि मन्त्रीहरु सम्पति विवरण सार्वजनिक गरेर सार्वजनिक जवाफदेहिताबाट पन्छिएको देखिएको हो । सम्पत्ति विवरण सार्वजनिक नगरी गुपचुप नै राखेर हिँडेपछि उनीहरुमाथि पारदर्शिताको प्रश्न उठेको छ । निवर्तमान मुख्यमन्त्री पाण्डेले सम्पत्ति विवरण सार्वजनिक गर्ने विषयलाई स्वेच्छाचारी ढंगले छोडिदिएका थिए । मुख्यमन्त्रीदेखि मन्त्रीहरुले सम्पति विवरण सरकारलाई बुझाए पनि सार्वजनिक भने नभएको हो । अघिल्लो सरकारमा मुख्यमन्त्री सहित १८ जना मन्त्रीहरु थिए ।

जसमध्ये सबै मन्त्रीहरुले सम्पत्ति विवरण बुझाएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रवक्ता बद्रीबहादुर पाठकले जानकारी दिए । उनै पाठकले सम्पति विवरण सार्वजनिक गरे वा नगरेको विषयमा अनविज्ञता प्रकट गरे । 'मैले कार्यालयबाट बुझ्दा सबै जनाले सम्पति विवरण बुझाएको जानकारी पाएको छु । तर, सार्वजनिक भयो





कि भएन भनेर मलाई थाहा छैन, म पछिमात्रै कार्यालयमा आएको हुँ' पाठकले भने, 'सम्पति विवरण सार्वजनिक गर्नुपर्थ्यो भन्ने लाग्छ मलाई', मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको स्रोतका अनुसार अघिल्लो सरकारका कुनैपनि मन्त्रीहरुको सम्पति विवरण सार्वजनिक नभएको हो ।

निवर्तमान मुख्यमन्त्री पाण्डे सरकारमा आन्तरिक मामिला तथा कानुनमन्त्री कृष्णप्रसाद खनाल, आर्थिक मामिला तथा योजना मन्त्रीमा शालिकराम जम्मकट्टेल, खानेपानी ऊर्जा तथा सिँचाइमन्त्री बसन्तप्रसाद मानन्धर, कृषि तथा पशुपन्छी विकासमन्त्री बसुन्धरा हुमागाईं, बलराम पौडेल, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री, दीपेन्द्र श्रेष्ठ संस्कृति तथा पर्यटन मन्त्री, मिलनबाबु श्रेष्ठ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीमा नियुक्त भएका थिए । कृष्णलाल भँडेल भौतिक पूर्वाधार विकास मन्त्री, निमा लामा स्वास्थ्यमन्त्री थिए ।

यसैगरी, श्रम, रोजगार तथा यातायात मन्त्रीमा घनश्याम दाहाल, वन तथा वातावरण मन्त्रीमा विशाल खड्का, युवा तथा खेलकुद मन्त्रीमा रत्नप्रसाद ढकाल र कुमारी मोक्तान सामाजिक विकास मन्त्री थिइन् । कृषि तथा पशुपन्छी राज्यमन्त्रीमा ईन्द्रमाया गुरुङ, भौतिक पूर्वाधार राज्यमन्त्रीमा सन्तबहादुर प्रजा, उद्योग, वाणिज्य आपूर्ति राज्यमन्त्रीमा रजनी अमात्य जोन्छें र कल्पना नेपाली स्वास्थ्य राज्यमन्त्री हुन् । उनीहरुमध्ये सबैले कानुनले तोकेको समयभित्र सम्पत्ति विवरण बुझाएका थिएनन् ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ र भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ५० मा सार्वजनिक पद धारण गरेको व्यक्तिले त्यस्तो पद धारण गरेको मितिले ६० दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सासहितको अद्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारीसमक्ष पेश गर्नुपर्ने उल्लेख छ । जसमध्ये अधिकांश मन्त्रीहरुले ६० दिनभित्र सम्पत्ति विवरण बुझाएका थिएनन् । कतिपय मन्त्रीहरुले आफूखुशी सम्पति विवरण बुझाएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय स्रोतले जानकारी दिएको छ ।

यसरी, सम्पति विवरण नै सार्वजनिक नगरे पनि मन्त्रीहरुले सम्पति विवरण बुझाए वा बुझाएन भनेर शंका गर्ने ठाउँ देखिएको छ । सम्पति विवरण सार्वजनिक गर्न तत्कालीन मन्त्रिपरिषद्ले निर्णय गर्नुपर्ने थियो । तर, सम्पति विवरण सार्वजनिक गरेर जवाफदेहिता बन्ने र पारदर्शी देखाउने दायित्वबाट अघिल्लो सरकार चुकेको हो । मन्त्री हुनुअघि र विदा हुने बेलासम्म सम्पत्ति विवरणमा आएको अन्तरलाई देखाउन सम्पत्ति विवरण सार्वजनिक गर्ने प्रचलन रहँदै आएको छ । मन्त्रीहरुलाई पारदर्शीरुपमा काम गर्न प्रेरित गर्ने र सार्वजनिक रुपमा जनताबाट विश्वास लिने मनसायसहित मन्त्रीको विवरण सार्वजनिक गर्ने गरिएको आममानिसको बुझाइ छ ।

मन्त्री भएर आउँदा र जाँदा आफ्नो सम्पत्ति विवरण जनतालाई थाहा दिएर पारदर्शी बन्नु मुख्यमन्त्री तथा मन्त्रीहरुको व्यक्तिगत नैतिक दायित्व हो । तर, सम्पत्ति विवरणमाथि प्रश्न उठ्ने गरेकाले मन्त्रीहरु यसबाट पन्छिने गरेका हुन् । सम्पत्ति विवरण सार्वजनिक नगर्ने अभ्यासले लोकतान्त्रिक प्रणालीलाई हानी गर्ने विश्लेषण हुने गरेका छन् । बागमतीका कुन मन्त्रीले सम्पति विवरण बुझाए वा बुझाएनन् भनेर खोजी भएको पनि पाइँदैन । जसकारण उनीहरुमाथि कारबाहीसमेत हुन सकेको छैन । सम्पत्ति विवरण नबुझाउनेलाई कारबाही गर्ने कानुनी आधार भएपनि शक्तिमा रहेकाहरु संधै कानुनलाई छलेर अगाडि बढिरहेका छन् ।

# बागमतीको मुख्य न्यायाधिवक्तामा नेपाल नियुक्त

साझाकुरा संवाददाता


हेटौंडा, १३ माघ/ बागमती प्रदेशको मुख्य न्यायाधिवक्तामा ज्ञानेन्द्र नेपाल नियुक्त भएका छन् । बागमती प्रदेश प्रमुख यादवचन्द्र शर्माले मुख्य न्यायधिवक्तामा नेपाललाई नियुक्त गरेका छन् ।

प्रदेश प्रमुख शर्माले मुख्यमन्त्री शालिकराम जम्मकट्टेलको सिफारिसमा नेपाललाई प्रदेश सरकारको मुख्य न्याधिवत्तामा नियुक्त गरेका हुन् । उनलाई नेपालको



संविधानको धारा १६० को उपधारा (२) बमोजिम मुख्य न्यायाधिकवक्तामा नेपाल नियुक्त भएका छन् । नेपाल सिन्धुपाल्चोक चौतारा साँगाचोकगढी नगरपालिका-१४ का हुन् ।

यसअघिका मुख्य न्यायाधिवक्ता श्यामनारायण श्रेष्ठले एक महिनाअघि राजीनामा दिएका थिए । सरकार परिवर्तन भएसँगै मुख्य न्यायाधिवक्ता पनि फेरिने गरेका छन् ।





# बिचौलिया प्रवेशमा रोक लगाउने मन्त्री श्रेष्ठको निर्णय

साझाकुरा संवाददाता

हेटौंडा, १३ माघ/ बागमती प्रदेशका नवनियुक्त श्रम, रोजगार तथा यातायात मन्त्री एकालाल श्रेष्ठले यातायात कार्यालयहरुमा बिचौलियाहरुको प्रवेशलाई रोक लगाउने निर्णय गरेका छन् ।

बिचौलियाका कारण यातायात कार्यालयहरुमा सेवाग्राहीलाई सास्ती भोग्नु परेको भन्दै श्रेष्ठले बिचौलियाहरुको प्रवेशमा रोक लगाउने निर्णय गरेका हुन् । तर, श्रेष्ठलाई आफ्नै निर्णय भारी पर्ने कतिपयले आशंका गरेका छन् । उनकै गृहनगर हेटौंडामा रहेको यातायात कार्यालयमा बिचौलिया प्रवेश रोक्न यसअघिका तीन वटा प्रदेश सरकारले सकेका थिएनन् । बागमतीको चौथो सरकारका दोस्रो यातायात मन्त्री



श्रेष्ठलाई पहिला आफ्नै गृह नगर हेटौंडाको यातायात कार्यालयमा बिचौलिया प्रवेशमा रोक लगाउनुपर्ने चुनौती देखिएको छ ।

हेटौंडा-११, थानाभ्याङमा रहेको यातायात कार्यालयमा बिचौलिया भित्रसम्मै प्रवेश गर्ने गरेका छन् । प्रदेशमा मन्त्री बने लगतै पहिलो पटक १० वटा निर्णय गरेका मन्त्री श्रेष्ठले बिचौलियाको प्रवेशमा रोक लगाउने निर्णयलाई प्राथमिकताका साथ कार्यान्वयन गर्ने बताएका छन् । हरेक यातायात कार्यालयमा बिचौलिया मार्फत नागरिकले सेवा लिनुपर्ने बाध्यता छ । सेवाग्राहीले यातायात सम्बन्धी तिर्नुपर्ने सवारीकर, पटके कर घरबाट नै तिर्न सक्ने व्यवस्था मिलाउने निर्णय पनि मन्त्री श्रेष्ठले गरेका छन् । त्यसैगरी यातायात कार्यालयमा चालक अनुमति पत्रको लागि हुने गरेको भिड नियन्त्रण गर्ने निर्णय पनि उनले गरे ।

यसैगरी, यातायात व्यवस्था कार्यालयबाट प्रयोगात्मक परिक्षा दिएको तीन दिनभित्र अन्तिम परिक्षा प्रकाशित गर्ने निर्णय पनि उनले गरेका छन् । प्रदेश सरकारले १० हजार जना युवालाई दिने तालिम तत्काल कार्यान्वयन गरिने निर्णय गरेको जानकारी दिए । प्रदेश श्रम नीतिलाई लागू गरेर प्रदेश मन्त्रिपरिषद् बैठकमा पेस गर्ने निर्णय उनले गरेका छन् । श्रम नीति लागू गरेर श्रमिक मजदुरहरुको विद्यमान समस्या समाधान गर्न पनि मन्त्री श्रेष्ठलाई ठूलो चुनौती देखिएको छ । उनको गृह नगर हेटौंडाकै औद्योगिक क्षेत्रमा समयमै तलब नपाउनेलगायतका थुप्रै समस्याबाट श्रमिकहरु पीडित बनेका छन् ।



यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# एन्ड्रोइड प्रयोगकर्तालाई ट्वीटरको 'ब्लू टिक' महंगो, मासिक शुल्क ११ डलर

माइक्रो ब्लगिङ साइट ट्वीटरले आफ्नो बहुचर्चित ब्लू सब्सक्रिप्सन फिचर झण्डै एक महिना अगाडि लञ्च गरेको थियो । यद्यपि उक्त फिचर केही निश्चित प्रयोगकर्ताका लागि मात्रै उपलब्ध थियो ।

ट्वीटरले उक्त फिचर केवल आइओएस एप तथा डेस्कटप भर्सनका प्रयोगकर्ताका लागि मात्र सुरु गरेको थियो । अब चाहीँ ट्वीटरको 'ब्लू टिक' सब्सक्रिप्सन फिचर एन्ड्रोइड प्रयोगकर्ताका लागि समेत उपलब्ध भएको छ ।

ट्वीटरका अनुसार ट्वीटर ब्लू को प्रयोग अब एन्ड्रोइड प्रयोगकर्ताले समेत गर्न पाउनेछन् । तर ट्वीटरले आइओएस तथा वेब प्रयोगकर्ताका लागि भन्दा एन्ड्रोइड प्रयोगकर्ताका लागि ट्वीटर ब्लु सब्सक्रिप्सनको शुल्क महंगो राखेको छ । अब एन्ड्रोइड प्रयोगकर्ताले ट्वीटरमा ब्लु टिक लिनका लागि मासिक ११ डलर तिर्नुपर्नेछ ।




यद्यपि एन्ड्रोइडमा महंगो शुल्क कायम गरेसँगै ट्वीटरले आइओएस प्रयोगकर्ताका लागि यसअघि राखेको ८ डलर मासिक शुल्कलाई समेत बढाएर ११ डलर नै कायम गरेको छ । वेब भर्सनमा ट्वीटर प्रयोग गर्नेका लागि भने ८ डलर प्रतिमहिना नै कायम गरिएको छ ।

हाल ट्वीटरको ब्लू सब्सक्रिप्सन फिचर अमेरिका, बेलायत, क्यानडा, अष्ट्रेलिया तथा न्युजिल्याण्ड र जापानमा मात्र सुरु गरिएको छ ।

ट्वीटर ब्लू सब्सक्रिप्सनसँगै प्रयोगकर्तालाई निलो चेकमार्क अर्थात् टिक उपलब्ध गराइनेछ । साथै ब्लू सब्सक्रिप्सन गरेका प्रयोगकर्ताका लागि आफ्नो ट्वीट सम्पादन गर्ने, १०८० पिक्सेलको भिडियो अपलोड गर्ने तथा रिडर मोडमा लैजाने लगायतका सुविधा प्राप्त हुनेछन् ।

साथै ब्लू टिक खरीद गरेका प्रयोगकर्ताले ट्वीटरमा अन्य आम प्रयोगकर्ताको तुलनामा कम विज्ञापन हेर्नुपर्नेछ । भेरिफाइड ट्वीटर प्रयोगकर्ताको ट्वीटमा रिप्लाई तथा ट्वीटमा समेत प्राथमिकता मिल्नेछ ।

*एजेन्सीको सहयोगमा*

**यौन/जीवनशैली**

# छोराछोरीलाई यौन शिक्षा कुन उमेरमा दिने ?




करुणाजी नमस्कार । म केही समययता तपाईंका प्रश्नोत्तर पढ्न थालेकी छु । सत्य कुरा भन्नुपर्दा यसअघि यौनसम्बन्धी समाचार पढे पनि ज्ञानमूलक सामग्री पढ्ने मौका भने तपाईंबाटै पाएकी हुँ । यसका लागि धन्यवाद दिँदै केही प्रश्न सोधेकी छु । आशा छ, उत्तर पाउनेछु । तपाईं नेपालीलाई यौन शिक्षाको कमी छ भन्ने गर्नुहुन्छ । तर यौन शिक्षा कसरी दिने भन्ने कुरा मेरो दिमागमा पस्दै पसेन । कारण विद्यालयमा यस्तो कुरा पढाउने कुरा भएन । घरमा त यस्तो शिक्षा कसरी सिकाउन सकिन्छ र ? यसकारण यौन शिक्षाका बारेमा राम्रोसँग बुझाइदिनु हुन अनुरोध गर्दछु । कुन उमेरमा यस्तो शिक्षा दिँदा ठीक हुन्छ ।

नेपालीहरुमा यौन शिक्षा लिने उपयुक्त माध्यम छैन । अर्थात यो जीवनको गम्भीर कुरा हो र यसलाई सबैले बुझ्ने गरी उचित व्यवस्थापन गर्ने शिक्षा दिनुपर्छ भन्ने कुरा थाहा भए पनि सरकारी निकायले यसलाई महत्व दिएको छैन ।

केही गैरसरकारी संस्थाले यसका बारेमा चासो देखाए पनि नेपाली समाजले यसलाई शिक्षायोग्य मानेको छैन । यही कारण समाजमा बलात्कार, हाडनाता करणी, यौनमा असन्तुष्टि र आत्महत्या जस्ता दु:खद घटनाहरु घटेका छन् ।

आमाबुवालाई के भ्रम हुन्छ भने मेरा छोराछोरीले यौन सम्पर्क गरेका छैनन्, हस्तमैथुन पनि गर्दैनन् । अरुका सन्तानभन्दा सोझा छन् । तर, यथार्थ त्यस्तो हुँदैन यौन सबैको अनिवार्य आवश्यकता भए पनि नेपाली समाजमा यो कति आवश्यक हो भनेर हामी कहिल्यै सार्वजनिक चर्चा गर्दैनौं ।

मानव यौनिकतासँग जैविक, भावनात्मक, शारिरीक र आध्यात्मिक पक्षहरु हुन्छन् । जैविक पक्ष भन्नाले प्रजनन् स्वस्थ्यसँग सम्बन्धित हुन्छ । भावनात्मक वा शारीरिक भन्नाले दुई व्यक्तिवीचको सामीप्य र उसले प्रस्तुत गर्ने भावना, माया, विश्वास र हेरचाह पर्दछन् । आध्यात्मिक पक्षमा दुई व्यक्तिवीच कुनै न कुनै, कतै न कतै सम्वन्ध छ भन्ने बुझिन्छ ।

परम्पराअनुसार किशोर किशोरी र कम उमेरका बालबालिकालाई यौनसम्बन्धी जानकारी दिइँदैन र यस विषयलाई खुलेर कुरा गर्नु नहुने मान्यता राख्छन् । एउटा किशोर वा किशोरी विवाहका लागि तयार हुँदासम्म पनि यौनको विषयमा छलफल गरिँदैन । धेरैजसो यौनका विषयहरुका बारेमा साथी, सञ्चारमाध्यम वा बाहिरी माध्यमवाट मात्र थाहा हुन्छ, जसका कारण ती जानकारी अपर्याप्त हुने र त्यसले फरक मान्यता सिक्ने हुन्छ ।

किशोर किशोरीलाई यौनप्रति निकै चासो हुनु स्वाभाविकै हो । यस्तो चासोका कारण यौनसम्बन्धी कुनै गलत सूचना उनीहरुले पाए भने त्यसले उनीहरुको यौन जीवन समस्यामा पनि पर्न सक्छ । यसले उनीहरुका यौन अङ्गमा विकृति आउन सक्छन् ।

किशोरावस्थामा नै यौनसँग सम्वन्धित बढी मात्रामा जिज्ञासाहरु हुन्छन् । तर, हामी जानी नजानी त्यही बेलामा यौनका रहस्यमयी बिषयहरुमा किशोरावस्थामा रहेकाहरुलाई कम जानकारी दिइरहेका हुन्छौं । यसले गर्दा उनीहरुको खुल्दुली अझ ब्यापक हुने गर्छ । यो समस्या नेपालमा मात्र होइन, पशिचमा देशहरुमा पनि छ ।

तुलनात्मकरुपमा पश्चिमा देश यौनका मामलामा खुला भनिए पनि यौनका विषयमा आवश्यक र प्रभावकारीरुपमा जानकारी नदिइएका कारण सानो उमेरमा नै गर्भवती हुने गरेका तथ्यहरुले देखाएका छन । साथै यौनजन्य रोग पनि पशिचमी देशमा बढेको पाइएको छ । यसको कारण पनि यौनसँग सम्वन्धित प्रभावकारी र आवश्यक मात्रामा जानकारीहरुको अभाव नै हो । यिनै समस्याहरुलाई कम गर्नका लागि धेरै देशहरुमा यौन शिक्षालाई जोड दिइएको पाइएको छ यद्दपि अभिभावक र धार्मिक समूहले यौन शिक्षालाई धेरै विरोध गर्ने गरेको पनि पाइएको छ ।

यौन शिक्षाले पुरुष र महिलाको विशेषताका बारेमा अध्ययन गर्दै व्यक्तिको यौनिकताको बारेमा पनि वर्णन गर्छ । यौनिकताको विषय हरेक मानवलाई महत्वपूर्ण हुन्छ, बालबालिका पनि यसमा समाहित हुन्छन् र उनीहरुलाई पनि आफ्नो पहिचान के हो भन्ने जान्ने उत्सुकता हुन्छ । यौन शिक्षाले सुरक्षा, प्रस्तुती, सुधार अनि विकासका बारेमा आफ्नो मूल्यमान्यताले स्वीकारेको व्यवहारअनुसार वर्णन गर्छ ।

यौन शिक्षामा विभिन्न शारिरीक, मनोवैज्ञानिक र सामाजिक पक्षहरुलाई प्रतिकृया कसरी जनाउने र त्यस अनुसार प्रजनन् हुने पनि पर्छ । यौन शिक्षा समाजमा स्वीकार्य व्यवहार वा अवधारणा प्रस्तुत गर्न दिइने यौनसम्वन्धी हरेक शिक्षा भन्ने बुझिन्छ । यौन शिक्षा विद्यालय जाने बालवालिकालाई दिन सकिन्छ, जसले समाजमा परिवारमा आउन सक्ने हरेक खतरालाई न्यूनीकरण गर्दछ । यौन शिक्षामा यौनिकताको शिक्षा पनि पर्दछ । जस्तै, परिवार नियोजन, प्रजनन् स्वास्थ्य । (बच्चा गर्भमा आउने, राख्ने अनि पाउने) अनि आफ्नो शरीरको चित्र, यौनसँग सम्वन्धित धारणा, यौन आनन्द, मूल्य मान्यता निर्णय लिने, सञ्चार, सम्बन्ध, यौन रोगसँग कसरी बच्ने जस्ता धेरै कुरा यौन शिक्षासँग सम्बन्धित सामाग्री हुन् । यस्ता विषय विस्तृतमा अध्ययन गर्नुपर्ने कुरा हुन् ।

धेरैलाई यौन शिक्षा किशोर वा युवालाई मात्र आवश्यकता पर्छ भन्ने लाग्छ । यौन शिक्षा अरु कुरा जस्तै साधारणबाट जटिलतातर्फ उन्मुख हुन्छ । फलस्वरुप ७-८ वर्षको उमेरदेखिनै यौन शिक्षा विद्यालय, अभिभावकबाट शुरु गर्न सकिन्छ ।

कतिपय देशहरुमा यो विषयलाई विद्यालयकै पाठ्यक्रममा राखिएको छ । स्वाथ्य, विज्ञान जस्ता विषयमा प्रजनन् स्वास्थ्य, यौन रोग, शरीरका विषयहरुमा पढाइन्छ । हाम्रो देशमा पनि यी विषयहरु विद्यालयको केटाकेटीलाई कुनै न कुनै रुपले शिक्षा दिन सुरु गरिएको छ ।

यी विषयहरुको शरुवात भएता पनि अझै खुलेर कुरा गर्ने, यौनिकताको चर्चा नगर्ने, अभिभावकले खुलेर भन्ने जस्ता कुराहरु चाहि कम भएको पाइएको छ । हाम्रो समाजमा यौन व्यवहार जस्तै हस्तमैथुन विवाह अगाडिको यौन सम्वन्ध, स्वप्न दोष आदि विषयमा अझै राम्ररी खुलेर चर्चा भएको छैन ।

आमाबुवालाई के भ्रम हुन्छ भने मेरा छोराछोरीले यौन सम्पर्क गरेका छैनन्, हस्तमैथुन पनि गर्दैनन् । अरुका सन्तानभन्दा सोझा छन्, आदि । यथार्थमा त्यसो होइन । समाजले यौनलाई एक किसिमको खुलेर कुरा गर्न हुँदैन भनेर मानेका कारण उनीहरु नखुलेका मात्र हुन् । यौन शिक्षाले यौन दुर्व्यवहार, यौनजन्य हिंसा जस्ता अपराधिक कृयाकलाफाई पनि कम गर्छ ।

**साहित्य**

# ल्यांग फ्यांग

व्यंग्य



**शेखर वास्कोटा**

म अब केही लेख्दिनँ । लेख्नु पर्ने केही बाँकी छैन । तपाई हामीले छानेका रोजेका जोश जाँगर भएका जनप्रतिनीधि प्राप्त गरेका छौ । अब राज्य संयन्त्रका तीन तह मिलेर देश नगर टोललाई जुरुक्क उचालेर झण्डै झण्डै सिंगापुर या स्वीजरल्याण्ड नै बनाउँछन्। केही लेख्नै पर्दैन । केही बोल्नै पर्दैन । हामीले लेख्नका बोल्न नपरे पनि समयले घाम जत्तिसुकै छर्लङ्ग छ । हामीले लेख्न बोल्न छाडेका छौं। के हुन्छ । भनेर के हुन्छ लेखेर । माखो मार्दैन। अनि यो महंगीमा खास गरी मुख्य मुद्दा यहिबाट उत्पन्न हुन्छ । हामी आफै बेकुफ छौं । किन चाहि यो विकानेर को पापड किन चाहियो ओरियो र क्याटवरी ? हाम्रो वारीको कोदो मकै फापर संसारको कुन वस्तु भन्दा कुन खाद्य भन्दा कम छ ? महंगी भो महंगी भो । विवाहमा दल ने हलदीको संस्कृति हाम्रो हो ? तिम्रा बाउले हाम्रा बाउले दले ? यो हाम्रो संस्कार पनि छैन तेरा बाउ गर्न दलिस् भन्न पनि मिलेन, उसको सम्पती दलोस् कि घसोस्होइन र ? तर कु-संस्कार र अनावश्यक खर्च त वढ्योनि तेरा कारणले कि कसो ?

हामी नजानिँदो पाराले दलदलमा फसि सकेका छौ । यहाँ धेरै प्रेम प्रसाद जस्ताको नियती बोक्न बाध्य पारिँदै छ । राजनीतिज्ञ र यीनका भिजलन्ते अनि वैक र हाम्रो आचरण सबै मिलेको छ । उदाहरणको लागि स्कुलरोडमा घर हुनेले हुप्राचौरमा जिम खेल्न कार चढ्न जरुरी छ । दैलोमा सरकारी स्कुल हुँदा हुँदै सातै बजे जाउलो कोचाएर बोडिङ्ग पठाउनु पर्नै ? के लछारपाटो लाको छ ? बोडिङ्ग पढ्नेले विकृतिको जदु यो वोडिङ्गस्कुल भन्दा फरक नपर्ला । तिम्रा बच्चा बोडिङ्ग पढाउन तिम्रो तलब र कमाई भ्याउँछ ? भ्याउँदैन, अनि तिम्ले भ्रष्टाचार नगरी कसरी बच्चाको फिस तिर्छौ ? कसरी क्याट्वरी र डेरी मिल्क खुवाछौ ? मकै र भट्मास बोकेर वोडिंङ्ग त पक्कै पठाउदैनौ होला ।

भ्रष्टाचार तिम्रो हाम्रो घरघरबाट सुरुवात भएको छ । अरुलाई किन दोष दिनु ? च्यातिएको पान्ट, लाल पूर्जा देखिने कट्टु अनि अगाडीका मेवा देखिने बस्त्र धारण गरेर वाइन दन्काउनी मैलाका कारण पनि भ्रष्टचार बढेको छ । दुई दिन भित्रमा अठ्ठार सयको चामल तेइस सय तिन सयको पिठो चार सय पचास हुदा पनि चुक्क नबोल्ने तपाई हामीका कारण पनि भ्रष्टचार बढेको छ। छैन ल भन्नुस् । यो देश घसिनुमा जति नेताको गल्ती छ त्यो भन्दा बढी तपाई हाम्रो आचरण जिम्मेवार छ । समय थोरै बाँकी छ सुध्रे सुध्रऔ न सुध्रे यत्रै सिती ।

# वातावरण



**अग्रिम लम्साल**

*कक्षा ८, नवोदय शिशु सदन*

हिउँ पग्लेर बन्छ नदी पहाड मजबुत रहन्छ
वातावरण स्वच्छ रहे स्वास्थ्य मजबुत बन्छ

डाँडाकाँडा जङ्गल अनि सम्म तराई यहाँ
सबै मानिसले वातावरण स्वच्छ राख्ने जहाँ

रुख रोपौँ पुण्य कमाऔँ धर्म हुन्छ हाम्रो
साथ साथै हरियाली वातावरण राम्रो

वरिपरि हरियाली देखिन्छ नि राम्रो
सुन्दर वातावरण भयो भने घर सफा हाम्रो

सफा राखौँ खोला सफा राखौँ नदी
समय हुन्छ बलियो फोहोर नगरौँ बढी

# गजल



**भाष्कर काजी**

*रुँघा-७, रुकुम*

हिजो जस्ले त्यो बाटोबाट हटायो
अचानक उसैले सम्झना पठायो ।

लागेको थियो यहिँ मसंगै छ कतै
खै कसरी छातिभित्रको चिज हरायो !

तिमी, मैले जस्तै भर थाम्न सक्छौ ?
केटिको यस्तो प्रश्नले केटा लजायो ।

रिसाउनुपर्दैन, बच्चाको के दोष बरा !
जुलुशमा जे देख्यो त्यही नै बतायो ।

उस्ले बुझ्यो छातिभित्र राख्नुहुन्न माया
मुटु हराउने डरले आँखामा सजायो ।

# गजल



**राजु "हिमांशु"**

*डाउहिल, खरसाङ, भारत*

वर्तमानमा उसको अधिकार छैन कुनै
अतीततिर तिम्रो अख्तियार छैन कुनै

विगत भनेकै ऊमात्र हो नि मान नमान
हाम्रो नातामा उसको केरकार छैन कुनै

वर्तमान भनेकै तिमी मात्र हौ चारैतिर
व्यतीत पलमा मेरो सरोकार छैन कुनै

रातिएको तिम्रो सिउँदोको शक्ति छ धेरै
गहिरो त्यो साइनोमा छेकाबार छैन कुनै

सत नरहे निमोठिन्छ नि भरोसाको घाँटी
साँचो किस्सा साथको निराधार छैन कुनै

# नेपाल



**विशेष श्रेष्ठ**

*कक्षा ८, नवोदय शिशु सदन*

सानो सुन्दर मेरो देश नेपाल
यहाँ छ ठूलो पहाड र हिमाल
भाषा भेष संस्कृति प्यारो मलाई
हेर्दा राम्रो लाग्छ लेकलाई

पर्यटक आउँछन् यहाँ घुम्न
सक्दैनन् नेपालको सुन्दरता भुल्न
धेरै जात धर्मका मानिस बस्छन् यहाँ
कति राम्रो छ हाम्रो नेपाल यहाँ

भाषा धर्म नै हाम्रो परिवेश
नेपाल छ सुन्दरताले भरिएको देश
गाउँछन् राष्ट्र गान नेपाली
आफ्नो शिर उच्च पारी

नेपाली एक अर्कासँग राम्ररी बोल्छन्
सबैभन्दा ठूलो हिमाल हेरेर हाँस्छन्
सबैसँग मिलेर बस्छन् नेपाली
सुन्दर तराई पहाडी र हिमाली

# बुढ्यौलीमा पनि आकर्षक देखिनुपर्छ

जापानमा एक अनौठो परम्परा छ । त्यहाँका मानिसहरु जब टुटफुट भएको माटोको भाँडोको मर्मत गर्छन्, तब त्यसमा थोरै सुन मिसाइदिन्छन् । किन होला ? उनीहरुको मान्यता छ कि, पुरानो सामग्रीको आफ्नै ऐतिहासिक महत्व हुन्छ । चाहे त्यो टुटेफुटेकै किन नहोस्, त्यसमा एक अलग्गै आकर्षण हुन्छ । शिल्प हुन्छ ।



जापानको यस कला मोहबाट हामीले धेरै कुरा सिक्न सक्छौं । अब यो कुरालाई हामी ठ्याक्कै त्यहीँ लगेर जोड्न सक्छौं, जहाँ बुढ्यौलीको कारण सौन्दर्य खुइलिँदै गएको हुन्छ । सजिलो भाषामा भनौं, जब हामी बुढो हुन्छौं । उमेरले ४०, ४५, ५० वा ६० बर्ष पार गर्छ, तब सौन्दर्यप्रति उति ख्याल गर्दैनौं ।

निश्चय पनि यो परिपक्क उमेर हो । यसबेला हामीलाई त्यति तामझाम राम्रो लाग्दैन, सुहाउँदैन पनि । किशोर पुस्ताले गर्ने फेसन, श्रृंगार वयस्क उमेरमा गर्दा राम्रो देखिँदैन । बुढ्यौलीको आफ्नै सौन्दर्य र वयस्क एवम् प्रौढ उमेरको पनि आफ्नै सौन्दर्य हुन्छ । यस्तो अवस्थामा पनि हामीले आफूलाई आकर्षक एवम् राम्रो देखाउने कुरामा भने अल्छी गर्नु राम्रो होइन ।

बुढ्यौलीको पनि विशेष सौन्दर्य हुन्छ । भलै हाम्रो छाला चाहुरिँदै गएको होलान्, कपाल फुल्न थालेका होलान्, आँखाको चमक हराउँदै गएको होलान्, छालाको नरमपन रुखो हुँदै गएको होलान् । त्यसो भन्दैमा आफ्नो सौन्दर्यमा पटक्कै ख्याल नगर्ने त ? मेकअप गर्ने, राम्रो लाउने, छरितो देखिने रहरलाई तिलाञ्जली दिने त ?

**फेसन कन्सस**

वयस्क, प्रौढ एवम् बुढ्यौली उमेरमा पनि हामी फेसन कन्सस हुन जरुरी छ । आफूलाई सुहाउँदो पहिरन लगाउनुपर्छ । यस्तो पहिरन, जसले हेर्दा छरितो र आकर्षक देखियोस् । अझ महत्वपूर्ण कुरा त के भने, हामीले आफू बुढो भएको ठान्नु नै ठिक हुन्न ।

**मनमा युवापन**

उमेर जतिसुकै गुज्रिएर गएपनि मनमा युवापन बाँकी राख्नुपर्छ । आफूलाई जवान महसुस गर्नुपर्छ । केही समयअघि भएको एक अध्ययनको निचोड के थियो भने, असली उमेरभन्दा महसुस गर्ने उमेरको प्रभाव हाम्रो शरीरमा पर्छ । अर्थात् हामी आफूलाई पाको ठान्छौ भने जरुर हामीमा बुढ्यौलीको संकेत देखापर्न थाल्छ । तर, उमेर ढल्कँदै गएपनि आफूलाई जवान ठान्ने गर्छौं भने हामी ऊर्जावान, जोशिला देखिन्छौं । यसका लागि हामीसँग आफैंप्रति राख्ने दृष्टिकोण सकारात्मक हुनुपर्छ ।

**प्रौढ समस्या होइन**

सौन्दर्य विज्ञहरु भन्ने गर्छन्, 'हामीले कहिल्यै यस्तो नसोचौं कि उमेर बढ्नु वा प्रौढ हुनु एक समस्या हो । यो त जीवनको अर्को चरणको सुरुवात हो । दोस्रो पटक तनमनलाई सजाउने उमेर हो । खासगरी ४०-५० बर्षको उमेरसम्म हामीले आफ्ना जीवनको धेरैजसो लक्ष्य पूरा गरिसकेका हुन्छौं । बच्चा हुर्किसकेका हुन्छन् । कामधन्दा एक हिसाबले व्यवस्थित भएको हुन्छ । पारिवारिक जीवनमा लय मिलिसकेको हुन्छ । तर अब हामीले केही नगरे हुन्छ, जस्तो भएपनि हुन्छ भनेर लय छाड्नु भने ठिक हुँदैन, खासगरी आफ्नै व्यक्तित्वको सवालमा ।

**आफैंलाई सम्हाल्न सिकौं**

यो उमेरमा पुगेपछि हामीले आफैलाई सम्हाल्न सिक्नुपर्छ । सक्रियता जारी राख्नुपर्छ । नयाँ-नयाँ कुरामा खुसी खोज्नुपर्छ । सधैं सफा, सुकिलो र खुसी तुल्याउनुपर्छ । मनलाई जति खुसी राख्न सकिन्छ, हाम्रो सौन्दर्य पनि उत्तिनै खुल्छ । मन प्रफुल्ल भए नै अनुहारमा चमक देखिने हो । यसका लागि योग, ध्यान, प्राणायम जस्ता विधि निकै उपयोगी हुन्छ । उमेर ढल्कँदै जाँदा हामीले स्वास्थ्यको पनि ख्याल राख्नुपर्छ । खानपानदेखि अन्य आनीबानीमा पनि सन्तुलन राख्न सक्नुपर्छ ।

## नागरिकताबारे सर्वोच्चको फैसला :

# रवि लामिछाने पदमुक्त

काठमाडौं/अमेरिकी नागरिकता त्यागेपछि नेपाली नागरिकताको पुन:प्राप्तिका लागि कानुन बमोजिम प्रक्रिया पूरा नगरेको ठहर गर्दै सर्वोच्च अदालतले रवि लामिछानेको सांसद पद खारेज गरेको छ । यससँगै उनले उपप्रधानमन्त्री तथा गृहमन्त्री र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को सभापति पद पनि गुमाएका छन् ।



फैसलापछि लामिछानेले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई भेटेर राजीनामा पत्र बुझाएका छन् । प्रधानमन्त्रीलाई राजीनामा बुझाएका लामिछानेले सर्वोच्चको फैसलाको स्वागत र सम्मान गर्ने बताए । साथै आफू अनागरिक भएकाले अरु कुनै पनि विषयमा जवाफ नदिने बताएका छन् ।

रास्वपा नेताहरु भने पार्टीको पूर्वनिर्धारित बैठकहरु स्थगित गरेर छलफलमा जुटेका छन् ।

**के हो विवाद ?**

२०५० साल माघ १० मा जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट नेपाली नागरिकता लिएका लामिछाने अमेरिका गए । उनले ९ फागुन २०७० मा अमेरिकाको नागरिकता पाएका थिए । अमेरिकी पासपोर्टमै नेपाल आए र सञ्चारकर्ममा जोडिए । त्यसक्रममा नागरिकता विवाद उठेपछि उनले ४ जेठ २०७५ मा काठमाडौंस्थित अमेरिकी दूताबास मार्फत नागरिकता त्याग्ने प्रक्रिया सुरु गरे, जसले १४ असारमा पूर्णता पायो । त्यसपछि उनले पुरानै नेपाली नागरिकता चलाए ।

असारमा सञ्चारकर्म छाडेर आफ्नै नेतृत्वमा रास्वपा गठन गरे र चितवन २ मा उम्मेदवार बने । दाबी विरोधको समय सकिसकेपछि २७ कात्तिकमा रविसँग नेपाली नागरिकता नभएको भन्दै निर्वाचन अधिकृतको कार्यालयमा उजुरी पर्‍यो । यो मुद्दा टुंगो नलाग्दै ४ मंसिरमा मतदान भयो र रवि भारी मतका साथ सांसद चुनिए ।

निर्वाचन आयोगले यो विवाद संवैधानिक इजलासले हेर्ने भन्दै तामेलीमा राख्यो । रविविरुद्ध अधिवक्ता रविराज बसौला लगायतले सर्वोच्च अदालतमा पनि रिट दायर गरे । त्यही मुद्दामा कामु प्रधानन्यायाधीश हरिकृष्ण कार्की, न्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, ईश्जर खतिवडा र आनन्दमोहन भट्टराई र अनिलकुमार सिन्हाको संवैधानिक इजलासले रविलाई पदमुक्त गर्ने फैसला सुनाएका हुन् ।

**किन खारेज भयो सांसद पद ?**

नेपाल नागरिकता ऐन-२०६३ मा 'नेपालको कुनै नागरिकले आफूखुसी अर्को देशको नागरिकता प्राप्त गरे उनको नेपाली नागरिकता कायम हुने छैन' भनिएको छ । यो व्यवस्थाअनुसार रविको नेपाली नागरिकता ९ फागुन २०७० (अमेरिकी नागरिकता लिएकको दिन) मै खारेज भयो । जब उनले २०७५ मा अमेरिकी नागरिकता परित्याग गरे, त्यसपछि नेपाली नागरिकता पुन: प्राप्ति गर्न योग्य भए ।

तर यसका अमेरिकी नागरिकता त्यागेको निस्सासहित सरकारी तोकिएको अधिकारी समक्ष निवेदन दिनुपर्थ्यो र, त्यो दर्ता भएपछि मात्र नेपाली नागरिकता पुन: कायम हुन्थ्यो । रविले यो प्रक्रिया पूरा नगएकाले उनीसँग नेपाली नागरिकता नभएको रिट निवेदकको पक्षमा बहस गर्ने वकिलहरुको दाबी रह्यो ।

रविको पक्षमा बहस गर्ने सुनिल पोखरेल लगायतका वकिलहरुले भने रविको उम्मेदवारी तथा सांसद पद खारेजीको माग गर्दै अदालत जाने अधिकार प्रतिस्पर्धी उम्मेदवारलाई मात्रै हुने जिकिर गरेका थिए । साथै अमेरिकी नागरिकता परित्याग भएसँगै नेपालको नागरिकता स्वत: कायम हुने उनीहरुको तर्क थियो ।

संवैधानिक इजलासले नेपाली नागरिकहरको प्रतिनिधित्व गर्ने व्यक्ति कानुनी रुपमा नेपाली नागरिकको रुपमा राजनैतिक अधिकार प्रयोग गर्न सक्ने हैसियतको हो वा होइन भन्ने कुरा सार्वजनिक सरोकारको विवाद भएको बताएको छ ।

यसबारे परेको उजुरीमा निर्वाचन आयोगले तथ्य एवं कानुनी आधारमा प्रवेश गरेर निर्णय नगरेको भन्दै इजलासले भनेको छ, 'यो विषयको निरुपण संविधानसम्मत् तवरबाट हुनुपर्ने सन्दर्भमा प्रस्तुत विवादलाई सार्वजनिक सरोकारको विवादको रुपमा स्वीकार गरी यस इजलासबाट निरुपण हुनु मनासिव देखियो ।'

त्यसपछि मुख्य विवादमा प्रवेश गरेको इजलासले अमेरिकी नागरिकता लिएको र त्यागेको विवादमा कुनै विवाद नभएको भन्दै नेपाली नागरिकता पुन: कायम गर्न प्रक्रियामा गए नगएको हेरेको छ । नेपालको नागरिकता पुन: प्राप्त गर्न कानुनले तोकेको प्रक्रिया पूरा गर्नै पर्ने इजलासको निष्कर्ष छ । तर लामिछानेले अमेरिकी नागरिकता त्याग गरेको जानकारी विधिवत रुपमा प्रमुख जिल्ला अधिकारीलाई नदिएको र नेपाली नागरिकता पुन: प्राप्तिका लागि नागरिकता जारी गर्ने कार्यालयमा गएर निवेदन पनि दिएको नपाएको फैसलामा उल्लेख छ ।

'निजले नेपाली नागरिकता पुन: कायम गर्न नेपाल नागरिकता ऐन, २०६३ को दफा ११ तथा नेपाल नागरिकता नियमावली, २०६३ को नियम ११ बमोजिमको प्रकृया पूरा गरेको देखिँदैन' संक्षिप्त फैसलामा भनिएको छ, 'विदेशी मुलुकको नागरिकता आफूखुसी लिएको वा नेपाली नागरिकता त्यागेको दुवै अवस्थामा नेपाली नागरिकता कायम रहँदैन । यस्तो अवस्थामा नेपाली नागरिकता पुन: प्राप्त गर्न कानूनले तोकेको प्रकृया पूरा गर्नु नै पर्ने हुन्छ ।'

रवि लामिछाने स्वयंले पनि प्रक्रिया पूरा नगरेको स्वीकार गरेको भन्दै सर्वोच्चले त्यसलाई संविधानको धारा ८७(१)को बर्खिलाप भनेको छ । धारा ८७(१)(क)मा भनिएको छ, 'नेपालको नागरिक भएको व्यक्ति संघीय संसदको सदस्य हुन योग्य हुनेछ ।'

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १२ अनुसार पनि लामिछाने उम्मेदवार बन्न योग्यता पुगेको भन्न नमिल्ने संवैधानिक इजलासको ठहर छ । दफा १२ मा पनि उम्मेदवार हुन नेपाली नागरिक हुनुपर्ने व्यवस्था छ ।

अर्थात रवि लामिछानेले उम्मेदवारी दर्ताका क्रममा पेश गरेको नेपाली नागरिकताले वैधानिकता पाएन । त्यो ९ फागुन २०७० मै स्वत: खारेज भइसकेको नागरिकता थियो । अमेरिकी नागरिकता त्यागे पनि पुन: प्राप्तिको प्रक्रियामा नगएकाले उनी नागरिकता प्राप्त गर्न योग्य तर, नलिएको अवस्थामा छन् ।

त्यही कारण चितवन २ मा उनले दिएको उम्मेदवार र निर्वाचित घोषणा सबै बदर गरेको छ । आदेशमा भनिएको छ, 'रवि लामिछानेले प्राप्त गरेको अमेरिकी नागरिकता परित्याग गरेपछि विधिवत रुपमा नेपाली नागरिकता पुन: कायम गर्ने प्रक्रिया पूरा गरेको नदेखिएको हुँदा निजले प्रतिनिधि सभा सदस्य पदको उम्मेदवार हुन वा सो पदमा निर्वाचित भई कायम रहन मिल्ने देखिएन ।' उनी उम्मेदवार नै हुन पाउने अवस्था नरहेको भन्दै सर्वोच्चले उनलाई उम्मेदवार कायम गर्ने, निर्वाचित घोषित गर्ने, प्रमाणपत्र दिने लगायतका काम बदर गरेको हो ।

**गैरआवासीय नेपालीमा ठूलो प्रभाव**

रवि लामिछानेको नागरिकता विवादमा संवैधानिक इजलासले गरेको फैसलाले लाखौंको संख्यामा रहेका गैरआवासीय नेपालीहरुलाई प्रभाव पार्ने देखिन्छ । नेपालीहरु विभिन्न अवसर र सम्भावनाका लागि विकसित मुलुकमा जाने क्रम बढ्दो छ । यसरी गएका मध्ये केही लाखले विभिन्न देशको नागरिकता पनि लिएका छन् । तर त्यसको औपचारिक जानकारी सरकारलाई गराएका पनि छैनन्, नेपालको नागरिकता परित्याग गरेको जानकारी पनि गराएका छैनन् । उनीहरुमध्ये कतिपयले त त्यही नागरिकताका आधारमा नेपालमा घर जग्गा जस्ता सम्पत्ति जोड्ने र कारोबार गर्ने गरेको समेत पाइएको छ ।

तर संवैधानिक इजलासको शुक्रबारको फैसलाले उनीहरुलाई प्रत्यक्ष प्रभाव पर्ने देखिन्छ । वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी पनि गैरआवासीय नेपालीलाई तत्काल प्रभाव पार्ने देख्छन् ।

पहिलो, अब अरु मुलुकको नागरिकता लिएपछि नेपालको नागकिता प्रमाणपत्र कागजको खोस्टो सरह भयो भन्ने स्पष्ट बुझ्नुपर्छ । त्रिपाठी भन्छन्, 'अन्यथा भोलि उजुरी परेका दिन लामिछानेलाई झैं अप्ठ्यारो अवस्था आउनसक्छ ।'

संविधानममा विदेशिएका नेपालीहरुले गैरआवासीय नेपालीको प्रमाणपत्र लिन सक्ने व्यवस्था गरेको छ । तर त्यसअनुसार नागरिकता ऐन संशोधन भएको छैन । त्यसैले धेरैले पुरानै नागरिकता प्रयोग गर्ने गरेका छन् भने कतिपयले लामिछानेले झैं दोहोरो पासपोर्ट लिएको हुनसक्ने वरिष्ठ अधिवक्ता त्रिपाठी बताउँछन् ।

'नेपाली मूलको विदेशी नागरिकको वारेमा संविधानमा भएको अर्को बन्दोबस्त अनुसार गैरआवासीय परिचयपत्र लिएर राजनीतिक बाहेकको आर्थिक, सामाजिक अधिकार उपयोग गर्न बाधा पर्दैन' वरिष्ठ अधिवक्ता त्रिपाठीले भनेका छन्, 'तर पुरानै नागरिकता प्रयोग गरेर नेपालमा जग्गाजमिन र सम्पत्ति जोड्छु भन्ने सोच बन्यो भने अप्ठ्यारो हुनसक्छ ।'

दोस्रो, गैरआवासीय नेपालीहरुले परराष्ट्र मन्त्रालयबाट परिचयपत्र लिएमा आर्थिक अधिकार त प्रयोग गर्न पाउँछन्, तर तोकिएको हदसम्म मात्रै त्यो सुविधा रहन्छ । परिचयपत्र नलिएका नेपाली मूलका विदेशी नागरिकले नेपालमा अंशबापत अचल सम्पत्ति पाएमा समेत त्यो बेच्नुपर्छ, चल सम्पत्ति भने लैजान पाउँछन् । तर उनीहरुले लामो समय निर्वाध उपयोग गरिरहेका छन् ।

'शुक्रबारको फैसलाले विदेशी नागरिकता लिएका नेपालीहरुलाई पुरानो नेपाली नागरिकता प्रयोग गरेर राजनीतिक अधिकार उपयोग गर्न स्पष्ट निषेध गरेको छ' वरिष्ठ अधिवक्ता त्रिपाठी भन्छन्, 'त्यसमा पनि गैरआवासिय परिचयपत्र नलिइ उनीहरुले अचल सम्पत्ति जोड्न र उपयोग गर्न पाउँदैनन् । सर्वोच्च अदालतको फैसलाले यो सीमावारे सचेत गराएको छ ।'

अधिवक्ता रमण कर्ण विदेशी नागरिकता लिएका नेपालीहरुले पनि पुरानो नागरिकता प्रयोग गरिरहेकामा अब असर पर्ने बताउँछन् । तर त्यत्तिको भरमा उनीहरुको नेपालको पुर्ख्यौली र पछि जोडेको सम्पत्तिमा भने कुनै असर पर्ने उनको भनाइ छ । 'हिजोको उहाँहरुको नागरिकता कागजको खोस्टो सरह हो, उपयोग गर्न मिल्दै मिलेन' कर्पोरेट कानूनका समेत ज्ञाता रहेका कर्ण भन्छन्, 'तर पुरानो नागरिकता प्रयोग गरेर जोडेको चलअचल सम्पत्ति राज्यले जफत गर्न सक्दैन । सम्पत्ति बेचेर सबै पैसा लैजान वा सार्न केही कठिनाई होला । तर सम्पत्ति सुरक्षित हुन्छ, कसैले हक छिन्न सक्दैन ।'

*(स्रोत: अनलाइनखबर)*

# रविमाथि सर्वोच्च फैसलापछिका तीन तरंग

काठमाडौं/रवि लामिछानेले दुई महिनाअघिको आम चुनावमा नारा दिएका थिए - जान्नेलाई छान्ने । ६ महिनाअघि राष्ट्रिय स्वतन्त्र पार्टी खोलेर प्रत्यक्ष राजनीतिमा होमिने निर्णय गर्दैगर्दा उनले यो कुरा जानेनन्- नेपालमा राजनीति वा कुनै पनि खालको सार्वजनिक जीवनयापन गर्न नेपाली नागरिक भएको हुनुपर्छ । र, नेपाली नागरिकताको प्रमाणपत्र नै त्यसको सूचक हो ।




रविको नागरिकताबारे कसैको ध्यान गएन, बरु उनले दिएका नारालाई आम मतदाताले छिटोगरी टिपे । चितवन २ बाट उनले अघिल्लो संसदका 'जान्ने' सांसद कृष्णभक्त पोखरेललाई फराकिलो अन्तरले हराए पनि । तर विधिको शासनलाई उनले गरेको आधारभूत उपेक्षालाई सर्वोच्च न्यायालयले लगाम लगाइदिएको छ ।

विडम्बना, नेपालको कानुन उल्लंघन गर्दै उनै रवि चुनावी प्रक्रियामा सामेल भए । सांसद र कानुन पालनाको तालुकदार मन्त्रालयको प्रमुख अर्थात गृहमन्त्री नै बन्न पुगे । उनको यो 'मेटियोरिक राइज' फैसलासँगै 'स्टिप फल' मा रुपान्तरण गरिदिएको छ ।

तर यो उनको स्थायी राजनीतिक बिराम भने हेइन । रविप्रति नेपालको न्यायालय केही उदारमना भएको देखिन्छ । चाहे भने उनी तत्कालै नेपाली नागरिकताको प्रमाणपत्र लिन सक्छन् । अब हुने चितवन २ को उपनिर्वाचनमा उनी फेरि सामेल हुन सक्छन् । यसका केही तात्कालिक तरंग भने उत्पन्न भएका छन् ।

पहिलो, नैतिक प्रश्न । उनको मन्त्री, सांसद तथा पार्टी सभापति पद गुमेसँगै कानुनी प्रक्रियाबाट पुन:प्राप्ति त होला । तर उनीमाथि ठूलो नैतिक प्रश्न उत्पन्न हुने छ । आफूमाथि उठेका प्रश्नसँगै बाझिएको स्वार्थको द्वन्द्व व्यवस्थापन नगरी गृह मन्त्रालय सम्हाल्ने उनको आँट पक्कै स्वभाविक थिएन । नेपालको नागरिकता पुनप्राप्तिसमेत नगरी राज्यको यति संवेदनशील निकायमा बागडोर सम्हाल्न जाने उनको धृष्टताबारे प्रश्नहरु उठिरहने छन् । अनि उनको निजी जीवनसँग जोडिएका कतिपय प्रश्नमाथि प्रश्नहरु अझै बाँकी छन् ।

दोस्रो, उनको दलको भविष्य । घन्टी चिह्नमा चुनाव लडेको रास्वपालाई मानिसहरुले दलको नामभन्दा बढी रविको पार्टी अथवा घन्टी भनेर चिन्ने गर्छन् । यो पार्टीमा थुप्रै सम्भावना भएका नेता, सांसद देखिएका भए पनि रविको व्यक्तित्वले तिनलाई छोपेको छ । उनीमाथि नै सार्वजनिक प्रश्न उठिसकेपछि पार्टीको भविष्यबारे स्वभाविक चासो उत्पन्न हुने छ ।

तेस्रो, सत्ता गठबन्धनको आसन्न संकट । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र एमाले अध्यक्ष केपी ओलीले अकस्मात् बनाएको नयाँ गठबन्धनका एक मूख्य साझेदार हुन् रवि । काठमाडौंका राजनीतिवेत्ताहरुले प्रमुख प्रतिपक्षी कांग्रेसका सभापति शेरबहादुर देउवाले नयाँ गठबन्धन भत्कोस् भन्नका लागि प्रयास गरेको अर्थमा समेत यो प्रकरणलाई लिएका थिए । १६८ सांसदको समर्थनमा बनेको यो गठबन्धनमा रविको पार्टीबाट रहेका बाँकी १९ सांसद अब कुन राजनीतिक सहजतामा काम गर्लान् भन्ने प्रश्न पनि छ ।

संसदीय दलमा रविको अनुपस्थितिमा उपनेता विराजभक्त श्रेष्ठले नेतृत्व गर्नेछन् । तर योसँगै दलभित्रको आन्तरिक झगडा पनि सतहमा आइरहेको छ । कतिपयले दल नै विभाजन सम्म हुन सक्ने आकलन गरेका छन् ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# कहाँ पुग्यो क्रिकेट प्रशिक्षक मोन्टी देशाईको नियुक्ति प्रक्रिया ?



काठमाडौं/आईसीसी क्रिकेट विश्वकप लिग टूको महत्वपूर्ण शृंखला आउन लगभग दुई साताको समय बाँकी रहँदा नेपाल राष्ट्रिय क्रिकेट टिम प्रशिक्षकबिहीन छ ।

२९ मंसिरमा मनोज प्रभाकरले मुख्य प्रशिक्षकबाट राजीनामा दिएका थिए । नेपाल क्रिकेट संघ क्यानले उनको स्थानमा मोन्टी देशाईलाई नियुक्ति गर्ने प्रक्रिया अघि बढाएको छ । लामो समयदेखि नेपाली क्रिकेटसँग जोडिएका देशाईलाई प्रमुख प्रशिक्षक बनाउने निर्णय गरेर राष्ट्रिय खेलकुद परिषद राखेपमा पठाएको छ ।

मंगलबार राखेप पुगेको त्यो फाइल अझै युवा तथा खेलकुद मन्त्रालय पठाइएको छैन । मन्त्रालय मार्फत मन्त्रिपरिषदमा पुगेर निर्णय भएपछि बल्ल देशाईको नियुक्तिले औपचारिकता पाउनेछ । जबकी लिग टू अन्तरगतको स्कटल्याण्ड र नामिविया सम्मिलित त्रिकोणात्मक शृंखला २ फागुनमा त्रिवि क्रिकेट मैदान, कीर्तिपुरमा सुरु हुनेछ ।

तीन वर्षे लिग टू शृंखलाको अन्तिम १२ खेल बाँकी रहेको अवस्थामा यही वर्ष भारतमा हुने एकदिवशीय विश्वकपका लागि ग्लोबल क्वालिफायरमा स्थान बनाउन र एकदिवशीय मान्यता कायम राख्न नेपालले अधिकांश खेल जित्नुपर्ने छ ।

तर (१३ माघ) शुक्रबार सम्म क्यानले राष्ट्रिय टिमको बन्द प्रशिक्षण सुरु गर्न सकेको छैन, मुख्य प्रशिक्षक पनि नियुक्त भइसकका छैनन् । 'लिग टूको शृंखला नजिकिँदो रहँदा हामी पनि चिन्तित छौं । तर अबको निर्णय हाम्रो हातमा छैन,' क्यान अध्यक्ष चतुरबहादुर चन्दले भने, 'राखेप र मन्त्रालयले छिटो काम गरिदिए हुन्थ्यो ।'

राखेपको संघ संस्था समन्वय शाखा प्रमुख चन्द्र राईका अनुसार प्रशिक्षक नियुक्तिको प्रारम्भिक सहमतिका लागि क्यानबाट आएको पत्र राखेपमा छ । केहि प्रक्रिया पूरा नभएका कारण मन्त्रालयमा पठाइएको छैन । खेलकुद मन्त्रालयको जिम्मेवारी अहिले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड आफैंले लिएका छन् । मन्त्रालयले निर्णय गरेर मन्त्रिपरिषदमा लगेपछि मात्र नेपालको मुख्य प्रशिक्षक नियुक्ति हुनेछ ।

'नेपाल खेलकुद विकास ऐन १७ असार २०७७ मा जारी भएको हो । ऐन जारी भएपछि पनि तीन जना विदेशीले नेपाली क्रिकेटको प्रमुख प्रशिक्षक भएर काम गरिसकेका छन् । तर उनीहरुको नियुक्तीमा क्यानले राखेप हुँदै मन्त्रिपरिषदको सिफारिस कहिल्यै मागेको थिएन । 'आफू बलियो हुँदा क्यानलाई अहिलेसम्म सरकार चाहिएको थिएन । अहिले नेपाल टी-२० लिगको विवादले उनीहरु रक्षात्मक बनेका छन्,' राखेपका एक अधिकृतले अनलाइनखबरसँग भने ।

खेलकुद ऐनको दफा ४४ (१)मा राष्ट्रिय खेल संघले विदेशी सरकार, अन्तर्राष्ट्रिय संस्था, विदेशी संस्था वा व्यक्तिसँग सम्झौता गर्दा राखेपमार्फत सरकारको स्वीकृति लिनुपर्ने उल्लेख छ । त्यस्तै राखेप कार्यकारी समितिको काम, कर्तव्य र अधिकारसम्बन्धी दफा १५ (त्र) मा खेलाडीको स्तरवृद्धिका लागि विदेशबाट प्रशिक्षक झिकाउँदा मन्त्रालयको पूर्व स्वीकृति लिनुपर्ने उल्लेख छ ।

सन् २०१८ मा एकदिवशीय अन्तर्राष्ट्रिय मान्यता पाएपछि नेपाल ७ वटा एशोसियट देशहरुबीचको तीन वर्ष लामो शृंखलामा समावेश भएको हो । कोरोना महामारीले प्रभावित यो तीन वर्षबीचमा नेपालले अहिलेसम्म २४ खेल खेलेको छ । तर, नतिजामा कमजोर छ । नेपालले २४ मध्ये ८ खेलमात्र जितेको छ । १८ अंकसहित पुछारबाट दोस्रो स्थानमा छ । शृंखलाका शीर्ष तीन टिमले एकदिवशीय विश्वकपका लागि ग्लोबल क्वालिफायर खेल्न पाउनेछन् । कम्तिमा शीर्ष पाँचमा रहँदा पनि एकदिवशीय मान्यता कायम राख्न सकिने विश्वास छ । यसबारे आईसीसीले आधिकारिक जानकारी दिएको छैन ।

ग्लोवल क्वालिफायरमा स्थान बनाउनका लागि नेपालले तीनवटा त्रिकोणात्मक शृंखलामा खेल्ने १२ मध्ये कम्तिमा ९ खेल जित्नुपर्नेछ । नेपालले स्कटल्याण्ड र नामिवियासँगको शृंखला पछि यूएई र पपुवा न्यूगिनी (पीएनजी)सँगको शृंखला पनि नेपालमै खेल्नेछ ।

नेपाल टिमका प्रशिक्षक मनोज प्रभाकरले नियुक्त भएको चार महिनामै गत २९ मंसिरमा राजीनामा दिएपछि प्रमुख प्रशिक्षक पद रिक्त छ । नयाँ प्रशिक्षक नियुक्तिका लागि क्यानको प्रशिक्षक छनोट समितिले २४ पुसमा एक साताको समय दिएर आवेदन आह्वान गरेको थियो । क्यान सचिव प्रशान्तविक्रम मल्लको नेतृत्वको पाँच सदस्यीय यो समितिमा आईसीसीका प्रतिनिधि पनि समावेश छन् ।

नेपाल टिमको प्रशिक्षक बन्न आवेदन दिएका २४ जनासँग ४ माघमा अन्तर्वार्तापछि पाँच जनालाई सर्टलिष्टमा राखिएको थियो । जसमा भारती प्रशिक्षक मोन्टी देशाई, नेपालकै पूर्व प्रशिक्षक अस्ट्रेलियाली डेभ ह्वाटमोर, श्रीलंकाका महान बलर धम्मिका प्रसाद, बंगलादेश क्रिकेट टिमका निवर्तमान प्रमुख प्रशिक्षक दक्षिण अफ्रिकी रसेल क्रेग डोमिंगो र न्युजिल्याण्ड टी-२० टिमका पूर्व प्रमुख प्रशिक्षक ग्लेन पोकनलले आवेदन दिएका थिए ।

क्यानले नेपाल टिमको नयाँ प्रशिक्षकबाट लामो योगदानको अपेक्षालाई आफ्नो बटमलाइन बनाएको थियो । पछिल्ला चारजना प्रशिक्षकमा कुनैले पनि आफ्नो सम्झौता अवधि पूरा नगरी बाहिरिएकोमा क्यान दिक्क भइसकेको थियो । नेपाली क्रिकेटलाई लामो समयदेखि बुझेको, ब्याटिङ सुधारका लागि प्रष्ट मार्गचित्र भएको र पारिश्रमिकमा पनि सहमति भएपछि मोन्टीको आगमन निश्चित भएको हो ।

# 'छड्के २' टिजर रिलिज, अनमोलको हिंसात्मक चरित्र

काठमाडौं/सुपरस्टार अनमोल केसी अभिनीत बहुप्रतिक्षीत फिल्म 'छड्के २'को टिजर सार्वजनिक भएको छ । शुक्रबार युट्युबमा सार्वजनिक १ मिनेट ४६ सेकेन्ड लम्बाईको टिजरमा यार्सा गुम्बा र स्याउको व्यापारमा आफ्नो पकड बनाउन खोज्ने तीन ग्याङबीचको द्वन्द्वलाई रोचक शैलीमा देखाइएको छ । टिजरमा अनमोलको ग्याङस्टर लुक्सले 'सरप्राइज' बनाउँछ । उनी हिंसात्मक चरित्रमा प्रस्तुत छन् ।

'मेनडग' पात्रको भूमिकामा रहेका अनमोल 'ग्रीन ग्याङ'को नाइकेको रुपमा चित्रित छन् । टिजरमा ब्याकग्राउन्ड म्यूजिकको काम प्रशंसनीय छ । र, पात्रहरुको लुक्सले रोमान्चकता पैदा गर्छ । आगामी फागुन १९ गतेबाट प्रदर्शन हुन लागेको फिल्मलाई निगम श्रेष्ठले लेखन तथा निर्देशन गरेका हुन् । दर्शकमा फिल्मप्रति कौतुहलता र उत्सुकता जगाउन सक्ने क्षमता भने टिजरमा देखिन्छ ।

काभ्रे फिल्म्सको ब्यानरमा मेधा प्रोडक्सन तथा निर्भाना फिल्म स्कुलले निर्माणमा सहकार्य गरेको फिल्ममा रोविन तामाङ, सिर्जना सुब्बा, कमलमणि नेपाल, रेशा आले मगर, देवकुमार श्रेष्ठ, निगम श्रेष्ठ, चिरञ्जीवी अधिकारी, कुमार घलानलगायतको पनि अभिनय छ । फिल्मको निर्मातामा प्रशान्त गिरी र देवकुमार श्रेष्ठ छन् भने कार्यकारी निर्मातामा निर्भाना फिल्म स्कुल र लक्ष्मण काफ्ले छन् ।

राज कुमार उप्रेतीको द्वन्द्व निर्देशन रहेको फिल्ममा मस्को सिंह र राजेन्द्र सापकोटाको छायांकन, रवि चौधरी र लोकेश बज्राचार्यको सम्पादन, कपिल पराजुलीको रंग संयोजन, मनोज श्रेष्ठको भिएफएक्स रहेको छ । सुनिल मानन्धरको श्रीराम बालाजी फिल्मस्ले वितरण गर्ने फिल्मको छायांकन चितवन र मुस्ताङमा भएको हो । फागुन १९ गते यो फिल्मको भिडन्त 'छक्का पञ्जा ४'सँग हुँदैछ ।

**"तपाईं, हामी सबैको कुरा"**

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com

# सिमभन्ज्याङमा सात वटा ताल निर्माणाधीन

साझाकुरा संवाददाता

हेटौंडा, १३ माघ/ जिल्लाको प्रमुख पर्यटकीय स्थलका रुपमा परिचित थाहा नगरपालिकाको सिमभन्ज्याङमा सात वटा ताल निर्माण हुने भएका छन् ।

ताल निर्माण भएसँगै थाहा नगरपालिकाको पर्यटन विकासले गति लिने विश्वास गरिएको छ । यसअघि हेटौंडाबाट करिब २ घण्टाको मोटरसाइकल यात्रामा पुग्न सकिने थाहा नगरमा घुम्न लायक दजर्नौ क्षेत्रहरु निर्माण भएका थिए । थाहाको धार्मिक पर्यटन, पैदल यात्रा चर्चित छ । तरकारी खेतीका लागि प्रख्यात क्षेत्र थाहा नगरमा रहेको एउटा तारेभिरडाँडाबाट भने तराईदेखि पहाडसम्मका भूभाग अवलोक गर्न सकिन्छ । 'तारेभिर' अर्को पर्यटकीय गन्तव्यको रुपमा विकास हुँदै गएको छ । यससँगै थाहाको समुन्द्री सतहबाट सबैभन्दा माथि अर्थात २८ हजार मिटरको क्षेत्रमा बाक्लो बसोबास रहेको सिमभञ्ज्याङ चर्चित छ ।

सिमभञ्ज्याङमा हरेक वर्ष हिमपात हुने गरेको छ । हिउँले ढाकिएका सेताम्मे डाँडाकाँडा हेर्न आन्तरिक पर्यटकहरुको यहाँ घुइचो नै लाग्ने गर्छ । सिमभञ्ज्याङको हिमपातलगायतका थुप्रै विशेषतामा थप एउटा ताल पनि थपिने भएको छ । बागमती प्रदेश सरकारको जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय मकवानपुरमार्फत मकवानपुरको सिमभन्ज्याङमा सातवटा ताल निर्माणाधीन रहेका छन् । प्रदेश सरकारको ७२ लाख ६९ हजार रुपैयाँ लागतमा पहिलो चरणमा एउटा ताल निर्माण हुनेछ । थाहा नगरपालिका-४ स्थित सिमभन्ज्याङमा निर्माण हुने तालको तल्लो आधार हात्तिपाइले निर्माण लगायतका काम सम्पन्न भएको छ ।



स्थानीय करुणाभूमि सामुदायिक वनको पहलमा वातावरणमैत्री र पर्यटक आकर्षित गर्ने उद्देश्यले ताल निर्माण प्रयास सुरु भएको हो । सामुदायिक वन समितिका अध्यक्ष विनोद लामाले १० वर्ष अघिबाट गरिएको प्रयास र पहलले सार्थकता पाउन लागेको बताउँदै पहिले तारजाली र ढुंगामाटोको बाँध निर्माण गर्दा स्थायी नभएका कारण पक्की पर्खाल निर्माण गर्न लागेको बताए । थाहा नगरपालिकाको ३ लाख र स्थानीय विकास मन्त्रालयबाट आएको साढे ७ लाख रुपैयाँबाट छड र सिमेन्ट प्रयोग नगरी वातावरण र पर्यावरणमैत्री निर्माण गरेको संरचना वर्षाले क्षति पु-याएको बताउँदै पानीको मूल निर्माणाधीन तालसँगै रहेकाले पानी अभाव नहुने लामाले बताए ।

ताल त्रिभुवन राजपाथसँगै बन्न लागेको हो । पानी जम्मा गरी ताल बनाउन प्रस्तावित तालमा हात्तिपाइलेबाहेकको तीन मिटर उचाइको बाँध निर्माण गरिनेछ । पक्की बाँध निर्माणपछि करिब सय मिटर लम्बाइभन्दा बढी क्षेत्रफलको तालमा पानी संकलन हुनेछ । जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय मकवानपुरका अनुसार निर्माणाधीन तालको माथि थप पाँचवटा र तल एउटा ताल बनाउने योजना रहेको छ । डिभिजन कार्यालयका सबइन्जिनियर रञ्जित श्रेष्ठले योजनाको करिब ६५ प्रतिशत काम सकिएको जानकारी दिँदै सिमभन्ज्याङ क्षेत्रमा हाल अधिक चिसोका कारण निर्माण रोकिएको बताए ।

'तालमा हालेका असला माछाको उत्पादन राम्रो भएको छ, ताल निर्माणपछि बोटिङ र फिसिङको योजना छ' लामाले भने- 'सात ताल निर्माणपछि यस क्षेत्रमा पर्यटकको बसाइसमेत लम्बिने विश्वास छ ।,' दामन-पालुङ क्षेत्रमा पछिल्लो समय पर्यटक आउनेक्रम घटेको बताउँदै ताल निर्माण सम्पन्न भएपछि पर्यटकीय गन्तव्य बन्ने अध्यक्ष लामाले बताए । ताल निर्माणसँगै ताल दायाँबायाँ पैदल मार्ग निर्माण, आश्रय स्थल र सौन्दर्यीकरण गरिने योजनासमेत रहेको छ । थाहा नगरपालिका नजिकै मानवनिर्मित इन्द्रसरोबर ताल पनि रहेको छ । ठूलो क्षेत्रफलमा फैलिएको इन्द्रसरोबर तालले इन्द्रसरोबर गाउँपालिकासँगै थाहा नगरपालिकाको पर्यटन विकासमा पनि महत्वपूर्ण भूमिका खेलेको छ ।

# मकवानपुरगढीमा नदीजन्य पदार्थ निकास गर्ने समय तोकियो

साझाकुरा संवाददाता

हेटौंडा, १३ माघ/ नदीजन्य पदार्थ ढुंगा, गिट्टी र बालुवा निकासीमा पटक-पटक विवादमा पर्दै आइरहेको मकवानपुरगढी गाउँपालिकाले निकासीका लागि समय तोकेको छ ।

गाउँपालिकाले एक सूचना जारी गर्दै १२ घण्टाको समय दिएर नदीजन्य पदार्थ निकासीका लागि समय तोकेको हो । यसअघि २ नम्बर वडामा रातीको समयमा ट्याक्टर तथा टिपरबाट माटो निकासी भइरहेको थियो । ६ नम्बर वडामा केही दिनअघि राती करिब १० बजे गिट्टी बोकिएको ट्याक्टर नियन्त्रणमा लिएर स्थानीयले प्रहरीलाई बुझाएका थिए । गाउँपालिकाभित्र राजश्व छली गरी नदीजन्य पदार्थ निकासी भइरहेको भन्दै स्थानीयहरुले जनप्रतिनिधिहरुको ध्यानाकर्षण गराएका थिए ।

गाउँपालिकाले बिहान ६ बजेदेखि बेलुका ६ बजेसम्म मात्रै नदीजन्य पदार्थ निकासीको समय तोकेको प्रमुख प्रशासकीय अधिकृत रामकुमार पुडासैनीले जानकारी दिए । नदीजन्य पदार्थ निकासी गर्दा नाकामा रसिद काटेर मात्रै जान सूचनामा भनिएको छ । स्थानीयहरुले जनप्रतिनिधि र कर्मचारीहरुले वेवास्ता गर्दा नदीजन्य पदार्थ निकासी हुँदा राजश्व छली भइरहेको आरोप लगाएका थिए । तोकिएको समयभन्दा बाहिर गएर नदीजन्य पदार्थ ओसारपसार गरेका जरिवानासहित कडा कारबाही गर्ने गाउँपालिकाले जनाएको छ ।

गाउँपालिकाले सवारीसाधन अनुसार जरिवाना तोकेको छ । ट्याक्टरलाई ५ हजार, मिनि टिपरलाई १० हजार र टिपरलाई १५ हजार रुपैयाँ जरिवाना गर्ने जानकारी दिएको छ । गाउँपालिकाले एक पटक कार बाही स्वरुप जरिवाना काटिएको सवारीसाधनले पुन: नदीजन्य पदार्थ चोरी निकासी गरेको पाइएमा तोकिएको जरिवानामा २५ प्रतिशत थप गरी जरिवाना असुल गरिने जनाइएको छ ।

# पशुपतिनाथका अनुशासित विद्यार्थी पुरस्कृत

साझाकुरा संवाददाता

हेटौंडा, १३ माघ/ जिल्लाको पश्चिमी क्षेत्रस्थित मनहरी गाउँपालिकामा रहेको पशुपतिनाथ माविमा अध्ययनरत् अनुशासित विद्यार्थीहरुलाई पुरस्कृत गरिएको छ ।

पशुपतिनाथ माविमा अध्ययनरत दुई जना विद्यार्थीलाई कक्षा कोठा वा विद्यालय परिसरमा अनुशासन कायम गरेको भन्दै पुरस्कार प्रदान गरिएको हो । एक छात्र र एक छात्रालाई पुरस्कार दिइएको विद्यालयका प्रधानाध्यापक भानुभक्त आचार्यले जानकारी दिए । कक्षा ९ की छात्रा सुष्मा कार्की र कक्षा ८ का छात्र सन्दीप प्रजा विद्यालयका अनुशासित विद्यार्थी भएका हुन् ।

मनहरी गाउँपालिकाको कार्यपालिका सदस्य मिरा खत्री, मनहरी-४ का पूर्ववडाध्यक्ष ध्रुव खड्का, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष माधव गौतमले विद्यार्थीलाई नगदसहित सम्मान पत्र प्रदान गरेका थिए ।

विद्यालयमा अध्यापन गर्ने शिक्षक चेतप्रसाद पौडेलले आफ्नो माता जसोदादेवी पौडेल र पिता लालप्रसाद पौडेको स्मृतिमा स्थापना गरेको अनुशासित विद्यार्थी सम्मान प्रदान गरिएको हो । शिक्षक पौडेलले सेवानिवृत्त जीवनमा आफूले अध्यापन गरेको विद्यालयलाई सहयोग गर्ने क्रममा ५० हजार रुपैयाँको अक्षयकोष स्थापना गरी पुरस्कार स्थापना गरेका हुन् ।

५० हजार रुपैयाँको वार्षिक व्याज आम्दानीबाट दुई जना छात्रछात्रालाई नगद तथा प्रशंसापत्र प्रदान गरिएको विद्यालयका प्रधानाध्यापक आचार्यले बताए ।

# हेटौंडा क्याम्पस पूर्वविद्यार्थी समाजमा मगर

साझाकुरा संवाददाता

हेटौंडा, १३ माघ/ हेटौंडा क्याम्पस पुर्वविद्यार्थी समाजको दोश्रो अधिवेशनले अशोक सारु मगरको अध्यक्षतामा ७ सदस्यीय नयाँ कार्यसमिति सर्वसहमत चयन गरेको छ ।

समितिको उपाध्यक्षमा रमा चौलागाई, महासचिवमा डिबि बर्तौला, कोषाध्यक्षमा सन्तोषी बर्तौला र सदस्यहरुमा सुलभ अधिकारी, रिपेश दाहाल र प्रकाश अधिकारी चयन भएका छन् । जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको प्रमुख आतिथ्यता तथा हेटौंडा क्याम्पस पुर्वविद्यार्थी समाजका अध्यक्ष बालकृष्ण चौलागाईको सभाध्यक्षतामा कार्यक्रम भएको थियो । कार्यक्रममा हेटौंडा क्याम्पस संचालक समितिका अध्यक्ष आनन्दराम पराजुली, क्याम्पस प्रमुख डा. देवचन्द्र मानन्धर, सहायक क्याम्पस प्रमुख देवीराम लामा, रामबहादुर भण्डारी, सञ्जय बस्नेतलगायतको आतिथ्यता रहेको थियो ।

निर्वतमान अध्यक्ष स्वत: पदेन रुपमा दोश्रो वरियतामा रहने भएकोले थप ३ जना सदस्य पछि मनोनित गरिने नव निर्वाचित अध्यक्ष अशोक सारु मगरले जानकारी दिए । २०७६ सालमा तदर्थ समितिको रुपमा गठन पश्चात् हेटौंडा क्याम्पस पुर्वविद्यार्थी समाजले क्याम्पसको विकास र शैक्षिक गतिविधिमा सहयोग पुऱ्याउँदै रचनात्मक र श्रृजनात्मक कार्यक्रम गर्दै आएको थियो ।

# ३ मन्त्रालय हटाउँदा वार्षिक २ करोड जोगियो

साझाकुरा संवाददाता

हेटौंडा, १३ माघ/ बागमती प्रदेशमा राजेन्द्र पाण्डे नेतृत्वको अघिल्लो सरकारले ८ बाट १४ वटा मन्त्रालय संख्या बनाउँदा व्यापक आलोचना खेप्नु पऱ्यो ।

संविधानले १४ वटा मन्त्रालय संख्या बढाउनु सक्ने अधिकार दिए पनि खर्चको दृष्टिकोणले उपयुक्त नभएको भन्दै पाण्डे नेतृत्वको सरकारको व्यापक आलोचना भएको थियो । वर्तमान मुख्यमन्त्री शालिकराम जम्कट्टेलले मन्त्रालय संख्या निधारणका लागि गठन गरेको कार्यदलको प्रतिवेदनअनुसार एउटा मन्त्रालय सञ्चालनमा लाग्ने खर्च ७३ लाख ४८ हजार ९ सय ५९ रुपैयाँ हुन आउँछ । जसअनुसार पाण्डे नेतृत्वको सरकारले बढाएको मन्त्रालय संख्याका कारण प्रदेशको धेरै ठूलो रकम खर्च भइरहेको थियो ।

८ बाट १४ वटा मन्त्रालय बनाउँदा मात्रै ४ करोड ३८ लाख खर्च बढी हुने गरेको देखिन्छ । त्यतिबेला मन्त्रालय संख्या बढाउनुपर्ने सहमतिमा हस्ताक्षर गरेका वर्तमान मुख्यमन्त्री जम्कट्टेलले नै ३ वटा मन्त्रालय कटौती गरेका छन् । उनले ३ वटा मन्त्रालय हटाउँदा बागमती प्रदेश सरकारलाई २ करोड २० लाख रुपैयाँ जोगिएको छ । बागमतीमा हाल ११ वटा मन्त्रालय कायम छ । जसको वार्षिक खर्च ८ करोड बढी रुपैयाँ हुने कार्यदलको प्रतिवेदनमा उल्लेख छ । बागमतीका प्रमुख सचिव मुकुन्दप्रसाद निरौलाको संयोजकत्वमा रहेको कार्यदलले ९ वटा मन्त्रालय बनाउन सरकारलाई सुझाव दिएको थियो ।



९ वटा मन्त्रालय बनाउँदा साढे ६ करोड रुपैयाँ वार्षिक खर्च हुने कार्यदलको हिसाब थियो । तर, मुख्यमन्त्री जम्कट्टेलले ९ नरोजी ११ वटा मन्त्रालय बनाएका छन् । बागमतीमा गठबन्धन सरकार भएकाले ११ वटा मन्त्रालय संख्या बनाउनुपर्ने दबाब उनीमाथि रहेको थियो । कार्यदलले मन्त्रालयमा मन्त्री र सचिवको सचिवालय खर्चको विश्लेषण गरेको थियो । यो खर्चमा मन्त्री सचिवसहित सचिवालयका कर्मचारीहरुको मासिक तलब र महंगी भत्ता तथा नियम अनुसार मन्त्री र सचिवले पाउने सुविधा जोडिएको छ । अहिलेकै तलबमान अनुसार बागमती प्रदेशमा ११ वटा मन्त्रालयमा एक वर्षमा मन्त्री र सचिवको खर्च ८ करोड ८ लाख ३८ हजार ५ सय ४९ रुपैयाँ खर्च हुनेछ ।

मंगलबार मन्त्रिपरिषद् बैठकपछि सरकारका प्रवक्ता आर्थिक मामिला तथा योजना मन्त्री जगन्नाथ थपलियाले न्यूनतम खर्चमा प्रदेश सरकार सञ्चालन गरिने बताएका थिए । त्यसका लागि मन्त्रालयहरुको खर्च कटौती गर्न आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव महेश आचार्यको संयोजकत्वमा गठित तीन सदस्यीय कार्यदलले काम गरिरहेको छ । कार्यदलमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव र प्रदेश लेखा नियन्त्रक सदस्य रहेका छन् । यो कार्यदलले विद्युत, पानी, सवारी खर्च, सचिवालय खर्चलगायत मन्त्रालय तथा सम्बन्धित कार्यालयहरुमा हुने खर्चहरुको कटौती गर्न सकिने क्षेत्र पहिचान गर्ने मन्त्री थपलियाले जानकारी दिए ।


## सम्पूर्ण ब्राण्डका गाडी
### एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३



## आगो वा हिटर प्रयोगमा होसियारी अपनाऔं ।।

- झ्याल, ढोका थुनेर आगो वा हिटर नबालौं,
- सुत्ने बेला बालेको आगो वा हिटर निभाऔं,
- आगो वा हिटर बालबालिकाको पहुँचभन्दा पर राखौं,
- हावाको उचित ओहोरदोहोर हुनेगरी मात्र आगो वा हिटर बालौं,
- सकेसम्म बाथरुममा ग्यास गिजरको प्रयोग नगरौ । गर्ने परेमाभेन्टिलेसन खुला राखौं ।

*झ्यालढोका थुनेर आगो वा हिटर प्रयोग गर्दा अक्सिजनको कमी हुन गई ज्यान जान सक्दछ ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**



## व्यापारिक मार्ट बिक्रीमा

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**सम्पर्क नम्बर:**
९८४५०२७०६४/९८५५०६८०३८



थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ **डा.प्रशान्त शर्मा**

**अब प्रत्येक दिन**

विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा

तथा **२४ सै घण्टा**

स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा

**हेटौडा सिटी हस्पिटलमा**

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :
- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

थप जानकारीको लागि
**हेटौडा सिटी हस्पिटल प्रा.लि.**
हेटौडा उपमहानगरपालिका-१ फोन न.:०५७-५२०३१५
समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।



## रेष्टुरेन्ट बिक्रीमा

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं.:**
९८४५२९०३९१, ९८५५०८५३९१



## थप सुविधाका साथ हाम्रा सेवाहरु

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस अस्पतालमा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**
- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सन्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**
हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६



## कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।



*कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।*

प्रो. अमिता चौधरी
**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२


साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना